सुनवल नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सुनवल, नवलपरासी (ब.सु.प.)

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :-

चलानी नं. :-

## नदीजन्य पदार्थको लिलाम बिक्रीका लागि शिलबन्दी दरभाउ आव्हान सम्बन्धी सूचना !

(प्रथम पटक प्रकाशित मितिः २०८०/१२/०८)

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०८ र विभिन्न मितिमा मुचुल्का गरी जफत गरिएका तपसिल बमोजिमका अवैध रुपमा भेटिएका नदीजन्य पदार्थ जुन स्थानमा जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने यस सुनवल नगरपालिका नगर कार्यपालिकाको नदीजन्य पदार्थ अनुगमन समिति को मिति २०८०/१२/०४ को निर्णय बमोजिम लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही १५ (पन्ध्र) दिनभित्र शिलबन्दी प्रकृयामा सहभागी हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

| क्र.सं. | शिलबन्दी नं. | शिलबन्दीको नाम | जम्मा परीणाम (घ.मि.) | न्यूनतम शिलबन्दी रकम (मू.अ. कर बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | ठेक्का नं. ३२ | नदीजन्य पदार्थ (ढुङ्गा र मिस्कट) सुनवल-११,जर्गाहा पुल छेउ | ६४४.८५ | ४,०१,७१०.१५१/- | |
| २ | ठेक्का नं. ३३ | नदीजन्य पदार्थ (ढुङ्गा र मिस्कट) सुनवल-११,पानभार खोला किनार | ४८३ | ३,००,८८५.४८२/- | |

* नदीजन्य पदार्थको न्यूनतम रोयल्टी दर प्रति घनफिट रू. १७.६४ (मू.अ.कर बाहेक) निर्धारण गरिएको छ।

* उल्लेखित न्यूनतम शिलबन्दी रकममा १३% मू.अ.कर र १.५% अग्रिम आयकर लाग्नेछ।

** १ घनमिटर बराबर ३५.३१४७ घनफुट।

शर्तहरू:

१. शिलबन्दी फाराम दस्तुर रु. १०००/- एन.आई.सी. एसिया बैंक लिमिटेड सुनवल शाखामा रहेको सुनवल नगर कार्यपालिका आन्तरिक राजस्व खाता, खाता नं. 0962050028279002 मा नगद जम्मा गरेको भौचर सहित यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिलबन्दी फाराम खरिद गर्न सकिनेछ।

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत



Email: sunwalmunicipality@gmail.com
Website: www.sunwalmun.gov.np
Twitter: twitter.com/sunwalmun
Facebook: facebook.com/sunwalmun

# सुनवल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सुनवल, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :-
चलानी नं. :-

२. शिलबन्दी फाराम भर्दा प्रति घनफिट कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

३. आफूले कबोल गरेको कुल रकमको १० (दश) प्रतिशतको दरले हुन आउने धरौटी रकम एन.आइ.सी. एसिया बैंक लिमिटेड सुनवल शाखामा रहेको **सुनवल नगर कार्यपालिका धरौटी खाता**, खाता नं. 96CA500968524004 मा जम्मा गरी सोको सक्कल बैंक भौचर सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ।

४. खरिद गरेको शिलबन्दी फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी शिलबन्दीदाताले प्रत्येक पानामा सही छाप साथ फर्मको नाम, ठेगाना, कामको विवरण, शिलबन्दी विवरण, प्रोपराइटरको नाम, ठेगाना, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिन दिनको १२ (बाह्र) बजेभित्र कार्यालयमा दर्ता गर्नु पर्नेछ।

५. एउटा फर्म वा कम्पनीको नाममा खरिद गरिएको शिलबन्दी अर्को फर्म वा कम्पनीका नामबाट दाखिला गर्न पाइने छैन।

६. रीतपूर्वक पर्न आएका शिलबन्दी सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको दिउसो २ (दुई) बजे यस कार्यालयका प्रतिनिधि, शिलबन्दीदाताका प्रतिनिधिहरु (उपस्थित नभएपनि) यस कार्यालयमा खोलिनेछ।

७. शिलबन्दी सम्बन्धी विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका शिलबन्दी स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। शिलबन्दी स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

८. शिलबन्दी स्वीकृत भएमा सोको सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कबोल गरेको रकममा थप १३ प्रतिशत भ्याट रकम र १.५ प्रतिशत अग्रिम आयकर समेत बुझाई नदीजन्य पदार्थ उठाउने कार्यादेश लिनुपर्नेछ।

९. लिलाम गर्ने नदीजन्य पदार्थ हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्ने हुनाले लिलाम वढावढमा सहभागी हुनेले सिलवन्दी दरभाउपत्र पेश गर्नु अघि आफूले सिलवन्दी दरभाउपत्र पेश गर्ने क्षेत्रको स्थलगत निरिक्षण गरी सिलवन्दी दरभाउपत्र पेश गर्नु पर्ने छ। पछि परिमाण वा गुणस्तरको विषयमा कुनै प्रकारको वादविवाद गर्न वा मिनाहा छुटको दावी गर्न पाईने छैन।

१०. लिलाम ठेक्का सकार गर्ने फर्मले नदीजन्य पदार्थ उठाई सक्नु पर्ने समयावधि लगायतका अन्य शर्तहरु द्विपक्षीय सम्झौता वमोजिम हुनेछ।

११. लिलाम ठेक्का सकार गरे पछी नदीजन्य पदार्थ उठाउनको लागि आवश्यक जनशक्ति,सवारी साधन, उपकरण लगायतको प्रवन्ध ठेकेदार स्वयमले गर्नु पर्ने छ।

१२. तोकिएको म्यादभित्र कार्यादेश लिन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार शिलबन्दी बन्दोवस्त गरिनेछ।

१३. अन्य शर्तहरु प्रचलित कानून बमोजिम हुनेछन्।

(चेतनाथ गिरी)
प्रमुख प्रशासकीय अधिकृत

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत



Email: sunwalmunicipality@gmail.com
Website: www.sunwalmun.gov.np
Twitter: twitter.com/sunwalmun
Facebook: facebook.com/sunwalmun